नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## सम्पत्ति शुद्धीकरण सम्बन्धमा अष्ट्रेलियामा Face to Face

डेपुटी गभर्नर श्री महाप्रसाद अधिकारी *Financial Action Task Force /Asia Pacific Region* ले अष्ट्रेलियाको सिडनीमा आयोजना गरेको *Asia-Pacific Regional Review group को Face-to-Face Meeting* मा भाग लिई माघ ७ गते स्वदेश फर्कनुभयो । उक्त बैठकमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी गतिविधिमा वित्तीय लगानी विरुद्धको अन्तर्राष्ट्रिय अभियानमा राज्यका तर्फबाट हालसम्म गरेको प्रगति र सोका सम्बन्धमा नेपालले गरेको पालनाको स्थितिबारे क्षेत्रीय समीक्षा समूहमा नेपालको प्रगति विवरण पेश गरिएको थियो । उक्त प्रतिनिधि मण्डलको नेतृत्व प्रधानमन्त्रीको कार्यालयका सचिव श्री त्रिलोचन उप्रेतीले गर्नुभएको थियो भने सदस्यहरुमा कानून मन्त्रालयका सचिव श्री भेषराज शर्मा, अर्थ मन्त्रालयका सह सचिवहरु श्री वैकुण्ठ अर्याल, मुक्तिनाथ पौडेल र राजिव पराजुली तथा नेपाल राष्ट्र बैंक वित्तीय जानकारी एकाइका सहायक निर्देशक श्री हरिकुमार नेपाल रहनु भएको थियो ।

उक्त बैठकमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी गतिविधिमा वित्तीय लगानी विरुद्धको अभियानमा नेपालले प्रतिवद्धता जनाए अनुसार केही ऐनहरू बन्न बाँकी रहेको सम्बन्धमा विस्तृत छलफल भएको थियो । बैठकमा नेपाली प्रतिनिधि मण्डलका तर्फबाट नेपालको सम्पूर्ण राज्य संयन्त्र शान्ति प्रक्रिया र संविधान निर्माणमा केन्द्रित भएकाले नेपालले प्रतिवद्धता जनाएका ऐनहरू निर्माणमा विलम्ब हुन गएको जानकारी गराइएको थियो । नेपालले प्रतिबद्धता जनाएका र निर्माण गर्नुपर्ने ती ऐनहरूमा पारस्पारिक कानुनी सहायता ऐन, सपुर्दगी ऐन र सङ्गठित अपराध नियन्त्रण ऐन रहेका छन् ।

उक्त बैठकमा FATF का तर्फबाट उक्त कानुनहरू निर्माण तथा कार्यान्वयनका लागि प्रतिवद्धताको म्याद गुज्रिसकेको सम्बन्धमा नेपाल क्रमशः कालो सूचीमा जान सक्ने विषयमा ध्यानाकर्षण गराइएको थियो । साथै, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी गतिविधिमा वित्तीय लगानी भएको सम्बन्धमा बैंक तथा वित्तीय क्षेत्र सुपरिवेक्षणले समेट्नु पर्ने, सम्पत्ति सुद्धीकरण ऐनमा भएका कमी कमजोरी सुधार गर्नुपर्ने, वित्तीय जानकारी एकाइ लगायत सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी गतिविधिमा वित्तीय लगानी विरुद्धका क्षेत्रमा कार्यरत निकायहरूको सबलीकरण तथा क्षमता अभिवृद्धि गर्नुपर्ने तथा सोसँग सम्बन्धित ऐनहरू कार्यान्वयन गर्नुपर्ने विषयका थप प्रावधानहरू पनि प्रस्तुत गरिएको थियो ।

२०६८ माघ ८ गते | गभर्नरको कार्यालय